Pyuthan Chamber of Commerce and Industry

# Chamber Profile

Khalanga Pyuthan, Nepal

Tel : 086-420020

Fax : 086- 420239

email : pyuthanchamber@hotmail.com, chamberpyuthan@yahoo.com, businessinfocentre@gmail.com

Estd. : 2048 B.S.

## १. परिचय :



प्यूठान उद्योग वाणिज्य संघ २०४८ सालमा स्थापीत एक जिल्ला स्तरीय संघ हो । स्थानीय व्यवसायीहरुको हक, हितको रक्षा गर्दै उद्योग र वाणिज्य क्षेत्रको विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्थापित यस संघको प्रारम्भिक नाम व्यापार संघ प्यूठान रहेको थियो । २०५२ सालमा कार्यक्षेत्र विस्तार संगै नयाँनयाँ चुनौति र जिम्मेवारी पनि संगसगै थपिदै गएको छ । सदस्यहरुको संख्यामा भएको क्रमिक बृद्धीसंगै उनिहरुको आवश्यकता र चाहना पनि थपीदै जाने हुनाले संघको गतिविधी र कार्यक्रमहरुलाई पनि व्यापकता दिनुपर्ने भएको छ । हाल संघमा २८०० भन्दा वढि साधरण सदस्य, ५ वस्तुगत सदस्य २८ आजिवन सदस्यहरु, एशोसियट सदस्य १ रहेको यस संघ विभिन्न स्थानीय निकाय र सहयोगी संस्थाहरुसंग हातेमालो गर्दै सम्पुर्ण उद्योगी तथा व्यापारीहरुको सेवामा तल्लीन हुदै एक प्रभावकारी र सशक्त संगठनको रुपमा संघ स्थापीत भईसकेको छ । महासंघवाट ख वर्गमा ४६ औं साधारणसभामा सम्मानित भएको छ ।

### १.१. दुरदृष्टि (VISION) :-

संघका सवै बजार ईलाकामा सचिवालय स्थापना गर्दै सवै क्षेत्रमा व्यवसायिहरुको प्रतिनिधित्व भएको गुणस्तरीय सेवा प्रदान गर्न सक्ने, कम्प्युटर सफ्टवयेरमा आधारित सक्षम सचिवालय भएको जिल्लाको घरेलु, उद्योग, पर्यटन प्रवर्द्धन गर्ने, सामाजिक विकासमा अग्रणी भूमिका निर्वाह गर्ने संघको रुपमा प्यूठान उद्योग वाणिज्य संघलाई विकसित गर्ने ।

### १.२. ध्येय (MISSION) :-

उद्योग व्यवसायिहरुको हक हितको संरक्षण, सम्वर्द्धन गर्दै जिल्लाको अवसरको रुपमा रहेको कृषि, वन, पर्यटन, जलश्रोतको माध्यमवाट आर्थिक तथा सामाजिक विकास गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

यस संघले प्यूठान जिल्लाका सवै क्षेत्रलाई समेटेर सेवा विस्तार गर्नको लागि जिल्लालाई ९ बजार इलाकामा विभाजन गरी सेवा प्रदान गर्दै आएको छ । यस्ता बजार इलाकाहरुमा खलंगा, विजुवार, बड्डाँडा, देविस्थान, भिगृ, बाहाने, वरौला, चुँजाठाटी र मच्छी बजार इलाकाहरु रहेका छन् । यस संघले जिल्लामा रहेका उद्योगी ब्यवसायीहरुको संरक्षणकर्ताको रुपमा यसका सदस्य वर्ग र ब्यवसायी वर्गको हितमा कार्य गर्दै आइरहेको छ । ब्यवसायी बन्न चाहने तथा ब्यवसायमा तर्लिन ब्यवसायिहरुलाई यस संघले समय समयमा विभिन्न तालिम तथा गोष्ठीहरुको आयोजना गर्ने गरेको छ । यस्ता लक्षीत वर्गहरुमा विषेश गरी महिला, दलित, जनजाती, पीछडीएको क्षेत्र, पुर्वलडाकु, एकल महिला आदि रहेका छन् ।

## १.३. सदस्यता विवरण :

यस संघको विधानमा ब्यवस्था भए बमोजिम हाल निम्न सदस्य रहेका छन् ।

साधारण सदस्य : २८६०

आजीवन सदस्य : २८

वस्तुगत संगठित सदस्य : ५

एशोसियट सदस्य : १

कर्मचारी : ५

| बजार ईलाकाको नाम | कार्यक्षेत्र अन्तर्गतका गा.वि.स.हरु |
|---|---|
| खलंगा बजार ईलाका | खलंगा, खैरा र मरन्ठाना वजार |
| विजुवार बजार ईलाका | धर्मावति, विजुवार, माझकोट, जुम्रिकाँडा, विजयनगर, दाखाक्वाडी, वर्जिवाङ गा.वि.स, रम्दी गा.वि.स. को वडा नं.१ देखि ६ सम्म र वडा नं ९ |
| चुजाँठाटी बजार ईलाका | चुँजा, विजुली, धरमपानी, रस्पुरकोट |
| बरौला बजार ईलाका | पकला, धुवाङ, दाङवाङ, बरौला |
| भिंगृ बजार ईलाका | भिंगृ, सारी, स्वर्गद्वारी खाल, बेलवास, गोठिवागं, कोचिवाङ |
| बड्डाडा बजार ईलाका | ढुंगेगढी, बांगेशाल, हंशपुर |
| मच्छी बजार ईलाका | तोरवाङ, ओखरकोट, बादीकोट, तुषारा, वांगेमरोट, लिवाङ |

| | |
|---|---|
| बाहाने बजार ईलाका | फोप्ली, लुङ, डाम्री, लिघा, खवाङ, स्याउलीवाङ |
| देविस्थान बजार ईलाका | रम्दी गा.वि.स. वडा नं. ७ र ८ का बजार नयागाउँ,उदयपुरकोट, तिराम, मर्कावङ |
| गौमुखी बजार ईलाका | , नारिकोट, खुङ्ग पुँजा ,रजवारा, अर्खा |

## १.४. बजार ईलाकाको गठन :

## १.५. कार्य समितिको गठन प्रक्रिया :

क. संघको साधारण सदस्यबाट निर्वाचित ब्यक्ती १ जना अध्यक्ष (सम्पूर्ण साधारण सदस्यबाट)।

ख. निवर्तमान अध्यक्ष १ जना पदेन सदस्य ।

ग. १० बजार ईलाकाबाट निर्वाचित अध्यक्षहरु आ-आफ्नो बजार ईलाकाबाट पदेन प्रतिनिधित्व हुने १० जना सदस्यहरु ।

घ. एक भन्दा बढि प्रतिनिधित्व हुने वजार ईलाकाहरुबाट आ-आफ्नो ईलाका क्षेत्रका साधारण सदस्यहरु मध्येबाट निर्वाचित १० जना सदस्यहरु ।

ङ. वस्तुगत संगठित सदस्यहरु मध्येबाट निर्वाचित १ जना सदस्य ।

च. एशोसियट सदस्यहरु मध्येबाट निर्वाचित १ जना सदस्य ।

छ. अध्यक्षद्धारा महिला उद्यमीहरु मध्येबाट कार्यसमितिको राय सल्लाह बमोजिम मनोनित १ जना सदस्य ।

ज. अध्यक्षद्धारा साधारण सदस्यहरु मध्येबाट कार्यसमितिको राय सल्लाह बमोजिम मनोनित ३ जना सदस्य ।

झ. अध्यक्षद्धारा उद्योग वाणिज्य क्षेत्रमा विशेष योगदान पुऱ्याएको ब्यक्तीलाई कार्यसमितिको राय सल्लाह बमोजिम प्रदान गरिने मानार्थ सदस्य १ जना

कार्यसमितिमा निर्वाचित सदस्यहरु मध्येबाट निम्न बमोजिमको ६ जना पदाधिकारीहरु रहनेछ :

१ अध्यक्ष, १ उपाध्यक्ष प्रथम (वाण्जिय), १ उपाध्यक्ष(उद्योग), १ महासचिव, १ सचिव, १ कोषाध्यक्ष ।

## १.६. संघको आयश्रोत :

- सदस्यता शुल्क ।
- सहयोग टेन्डर शुल्क ।
- प्रमाण पत्र तथा सिफारिस दस्तुर ।
- प्रवर्द्धनात्मक कार्यक्रम - तालिम, गोष्ठी, सेमिनार, पैरवी, मेला आयोजना आदि ।
- भाडाकुँडा तथा कुर्सि भाडा
- हलभाडा ।
- सहयोग ।

## १.७. संघको प्रतिनिधित्व :

संयोजक - युवा तथा स्वरोजगार जिल्ला अनुगमन तथा समन्वय समिति प्यूठान ।

- स्थानीय विकास कोष
- अस्पताल विकास समिति
- जिल्ला वाल संरक्षण समिति
- जिल्ला खेलकुद विकास समिति
- जिल्ला स्काउट
- जिल्ला महासंघ सञ्जाल
- जिल्ला अनुगमन समिति
- घरेलु तथा साना उद्योग विकास समिति
- अवैध चुरोट तथा मदिरा नियन्त्रण समिति
- शान्ति समिति प्यूठान
- जिल्ला मानव अधिकार सञ्जाल
- जिल्ला दलित समन्वय समिति
- जिल्ला दररेट समिति ।

सचिवालय : यस संघको कर्मचारी नियमावली अनुसार नियूक्त भएका कार्यकारी निर्देशकको मातहतमा प्रशासन, लेखा शाखाको कार्य सम्पादन गरिन्छ । हाल संघको अधिकृत स्तर २, सहायक स्तर ३ गरी ५ जना कर्मचारी कार्यरत छन् ।

**२.६. कर्मचारीको नामावली :**

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | झविन्द्र शर्मा | कार्यकारी निर्देशक |
| २ | प्रकाश खनाल | ब्यावसायिक सल्लाहकार |
| ३ | निरन्जन श्रेष्ठ | लेखापाल |
| ४ | कृष्णा पोखेल | कार्यालय सचिव |
| ५ | देवेन्द्र के.सी. | कार्यालय उपसचिव |

## ३. विभिन्न निकाय संग संघको सहकार्य गरी गरिएका उपलब्धिहरु :

- जि.वि.स दाग, लालमटिया गा.वि.स. प्यूठान जि.वि.स प्यू.उ.वा संघ लगायतका संस्थाहरुको सहकार्यमा दागको भालुववागंमा स्वर्गद्वारी प्रवेशद्वार निर्माण ।
- प्यूठान जि.वि.स लगायत अन्य निकाय संग सहकार्य गरी स्वर्गद्वारी पैदलयात्रा सिढि निर्माण ।
- यस जिल्लालाई नेपालकै पाँचौ खुल्ला दिसामुक्त जिल्ला घोषणमा विभिन्न क्षेत्रवाट सहकार्य ।
- कृषि तथा घरेलु कार्यालय संग समन्वय गरी प्रदर्शनी लगायतका माध्यमवाट कृषि तथा घरेलु उत्पादनको प्रवर्द्धन
- आन्तरिक राजश्व कार्यालय संघ समन्वय गरी करदाता शिक्षा लगायतका कार्यक्रमहरु संचालन
- जि.आई जेड् इन्क्लुड संग सहकार्य गरी संघमा ब्यवसाय सुचना केन्द्रको स्थापना गरी ब्यवसायिक सल्लाहकारबाट ब्यवसाय सम्बन्धि विभिन्न सरसल्लाह प्रदान तथा सहजिकरण गर्दै व्यवसायिहरुलाई उद्यमशिलता, सिपमुलक लगायतका विभिन्न तालिमहरु प्रदान गरीएको ।
- नेउवामहासंघ कृषि उद्यम केन्द्र संग सहकार्य गरी एक जिल्ला एक उत्पादन कार्यक्रम अर्न्तगत वीउ उत्पादन र प्याकेजिगंको कार्य प्रारम्भ हुने तयारीमा